# लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

# शिलवन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०२/०३)

लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट चालु आ.व. को लागी स्वीकृत कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्र भित्रका लालबन्दी बजार र नवलपुर वजारमा City Surveillance System Installation र नगर भित्रका विद्यालय र वडा कार्यालयमा Biometric attendance System Installation सम्बन्धी कार्य शिलवन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्यको लागी बोलपत्र पुस्तिकामा संलग्न specification मा उल्लेख भए अनुसार योग्यता पुगेका कम्पनी र फर्मले संस्था दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र र गत आ.ब.को कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि सहित इच्छुक फर्म वा कम्पनिहरूले तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. शिलवन्दी बोलपत्र फारम प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र फिर्ता नहुने गरी तोकिएको दस्तुर रू३,०००।- (तिन हजार मात्र) यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको सक्कल नगदी रसिद निवेदन साथ संलग्न राखी बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट खरिद गर्न सक्नेछ ।

२. खरिद गरेको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजे भित्र सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ । दर्ता भएको शिलवन्दी बोलपत्रहरू सोही दिनको २:०० बजे बोलपत्रदाता र कार्यालयको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलवन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलवन्दी बोलपत्र साथ जमानत बापत देहायमा उल्लेख बमोजिमको रकम यस नगरपालिकाको रा.बा.बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०३०३००७१०२** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा घटीमा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड अनिवार्य रूपले पेश गर्नु पर्नेछ । नगद जमानत (ठेक्का स्वीकृत हुनेमा) पछि बैंक ग्यारेण्टीमा परिवर्तन गर्न पाइने छैन ।

४. बोलपत्र सर्त रहित हुनुको साथै बोलपत्र दाताले कवोल गरेको दर रेट अंक अक्षरमा स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइने छ ।

५. प्रत्येक शिलवन्दी बोलपत्रदाताले बोलपत्र फारममा उल्लेखित शर्तको पूर्ण रूपले पालना गर्नु पर्ने छ ।

६. रित नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको शिलवन्दी बोलपत्र माथी कुनै कार्यवाही गरिने छैन।

७. खरिद तथा जडान गरिने सामान बोलपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारको हुनु पर्ने छ । यदी स्पेशिफकेशनमा उल्लेख गरे अनुसार नभएमा उक्त सामानहरू तथा कार्य स्वीकार गरिने छैन ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा उक्त कार्यहरू क्रमशः त्यसको लगतै कार्यालय खुलेको दिन र समयमा गरिनेछ ।

९. प्रस्तावित कार्यको लागी बोलपत्र पुस्तिकामा संलग्न Specification मा उल्लेख भए अनुसार आवश्यक पर्ने अनुभव खुल्ने कागजातहरूको प्रमाणित प्रतिलिपीहरू बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

११. यस सूचनामा केही संशोधन गर्नुपरेमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । बोलपत्र सम्बन्धी थप जानकारी चाहिएमा यस कार्यालयको योजना शाखामा सम्पर्क राख्न सकिनेछ ।

१२. बोलपत्रदाताले आफूले सम्पादन गर्नु पर्ने कामको सम्वन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिने छ ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुने छ ।

१४. अन्य थप केही कुराहरू बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. ०४६-५०१३३३ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**तपशिल :**

| क्र. सं. | बोलपत्र नं | कामको विवरण | लागत इस्टीमेट (मु.अ कर बाहेक) रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | NCB-27-2075/076 | City Surveillance System and Biometric attendance System Installation | २६,१३,१६३/- | ३०००/- | ९०,०००/- | |

प्रमुख प्रशासकिय अधिकृत